## बकैया गाउँकार्यपालिकाको मिति २०७८।०६।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. दशै, तिहार तथा छठ पर्वको शुभकामना आदनप्रदान सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा आसन्न वडा दशैं, तिहार तथा छठ पर्वको उपलक्ष्यमा सम्पुर्ण वकैयावासी एवम् समस्त नेपालीहरुलाई हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**२. सडक सरसफाई सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आ.व. २०७८।७९ को गा.पा. भरीको सडक सरसफाईको लागि रु. ५०,००,०००।- (अक्षरेपी पचास लाख मात्र) विनियोजन गरी सो कार्यको लागि गाउँ कार्यपालिकाको मिति २०७८।०५।१० गतेको निर्णय अनुसार विद्युतीय माध्यमद्वारा १५ दिनको सूचनावाट सिलवन्धी दरभाउ आव्हान गरिएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिमको गाउँ कार्यपालिका कार्यालयको मुल्याङ्कन समितिको सिफारिश बमोजिम ठेक्का प्रक्रिया रद्द गरी प्रति वडा १ (एक) वटा उपभोक्ता समिति गठन गरी दशै अगावै योजना सञ्चालन गर्नेगरी प्रकृया अघि वढाउने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै सडक सरसफाईको क्रममा प्रयोग गरिने नदिजन्य पदार्थको राजश्व संकलन नगरिने समेत निर्णय गरियो ।

**३. कृषि तथा पशुपंक्षी फर्म नियमन गर्न बनेको कार्यविधि, २०७८ सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा कृषि तथा पशुपंक्षी पालनलाई व्यवसायिक रुपमा अगाडी वढाउन तथा उक्त व्यवसायिक फर्महरु दर्ता तथा सो को नियमनका लागि "कृषि तथा पशुपंक्षी फर्म नियमन गर्न बनेको कार्यविधि, २०७८" पारित गर्ने निर्णय गरियो ।

**४. राष्ट्रिय परिचय पत्र शिविरको खर्च भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग तथा जिल्ला प्रशासन कार्यालय मकवानपुरसँगको समन्वयमा यस गाउँपालिकाका सबै वडाहरुमा गव श्रावण तथा भाद्रको समयमा सञ्चालन गरिएको राष्ट्रिय परिचय पत्र शिविरको क्रममा वडा कार्यालयहरुवाट प्राप्त भएको तपसिल बमोजिमको खर्चहरुहरुलाई चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमको विविध शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**

| वडा | खर्च रु. |
|---|---|
| १ | ७९,३००।- |
| २ | ३५,२७०।- |
| ३ | ९७,२५०।- |
| ४ | ८२,९६०।- |
| ५ | ६०,१५३।- |
| ६ | १,१३,९५०।- |
| ७ | ८६,४४५।- |
| ८ | ७६,८०५।- |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर दनाल
अध्यक्ष

Scanned with CamScanner

| | |
|---|---|
| ९ | ४९,९४०।- |
| १० | ३२,४००।- |
| ११ | २४,२३०।- |
| १२ | ३८,४००।- |
| जम्मा | ७,७७,१०३।- |

**५. बकैया गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७६ संशोधन सम्वन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७६ मा जलस्रोत समिति दर्ताको सम्वन्धमा व्यवस्था भएको तर नविकरणको सम्वन्धमा व्यवस्था नभएकोमा दर्ता शुल्क बराबरकै वार्षिक कर सहित नविकरण गर्ने गरि उक्त कार्यविधिमा सो व्यवस्था समावेश गरि संशोधन गर्ने निर्णय गरियो ।

दामोदर दलाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner